## हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
३ नं. प्रदेश, नेपाल


पत्र संख्या :-
शाखा/उपशाखा/इकाई :-
चलानी नं. :- ४९३२

मिति -२०७४-११-८

## प्रेश बिज्ञप्ती

हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको दोस्रो नगरसभा यही फागुन ६ गते सुरु भै ८ गते समापन भयो । उक्त बैठकबाट बिभिन्न बिधेयक पारित संग संगै बिभिन्न निर्णयहरु भएको छन् । यस क्रममा हेटौडा उपमहानगरपालिकाको सहकारी विधेयक २०७४, हेटौडा उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०७४, हेटौडा उपमहानगरपालिकाको न्यायिक समिति कार्यविधि बिधेयक २०७४, हेटौडा उपमहानगरपालिकाको शिक्षा बिधेयक २०७४, हेटौंडा उपमहानगरपीलिका आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७४ पास गरिएको छ ।

त्यसैगरी आजको नगरसभा बैठकले स्थानीय सरकार संचालन ऐनमा घर नक्सापासमा ३०० प्रतिशत जरिवाना अव्यवहारिक भएकाले संशोधनको लागि नेपाल सरकार समक्ष माग गर्ने निर्णय गरिएको छ । यसैगरी राजश्व परामर्श समितिको बैठकबाट विभिन्न टोल विकास संस्था लगायतका क्षेत्रका जनशक्ति प्रयोग गरी व्यवसाय करको प्रयोजनका लागि व्यवसायको लगत संकलनका लागि प्रति व्यवसाय रु.३० का दरले रकम उपलब्ध गराउने निर्णय गरिएको छ । नगरको व्यवसाय कर संकलन र वक्यौता रकममा छुटका व्यवस्था समेत गरी कर संकलनलाई प्राथमिकताका साथ अगाडि बढाउने निर्णय समेत गरिएको छ ।यसै गरी बैठकले देहाय बमोजिमको न्यायिक समिति पनि गठन गरिएको छ ।

संयोजक-श्री मिना कुमारी लामा((नगर उप प्रमुख) )
सदस्य श्री इन्द्र प्रसाद नेपाल (वडा सदस्य)
सदस्य श्री बेगम बराल-( वडा सदस्य)

आर्थिक बर्ष २०७४।०७५ को लागि स्वीकृत वार्षिक बजेटमा केही रकमान्तर गर्नका लागि वान्छनिय भई नगर कार्यपालिकाको सिफारिस बमोजिम केही शिर्षकमा खर्च रकम रकमान्तर गर्न मिति २०७४।११।२ गते बसेको बैठकबाट सिफारीस भई आए बमोजिमको निर्णय गएिको ब्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

नगर प्रमुख
हरिबहादुर महत
हेटौंडा उपमहानगरपालिका कार्यालय
,नगर प्रमुख'